# लेटाङ नगर कार्यपालिकाको कार्यालय, मोरङ

# सार्वजनिक सेवा प्रवाह सम्बन्धि सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

# आ.ब. २०७८/७९

तयार गर्ने : अनिल बराल

रेडियो वेतना ९७.१ मेगाहर्ज, बेलबारी, मोरङ

# विषय सूची

१. परिचय......................................................................................................................................३

१.१ पृष्ठभुमि..................................................................................................................................३

१.२ कार्यक्रमको उद्धेश्य...................................................................................................................५

२. बिधि..........................................................................................................................................५

२.१ समन्वय तथा प्रचार प्रसार..........................................................................................................५

२.२ सूचना तथा राय संकलन...........................................................................................................५

क) बहिर्गमन अभिमत......................................................................................................................५

ख) नागरीक प्रतिवेदन पत्र..................................................................................................................६

ग) नागरीक वडापत्र अनुसार सार्वजनिक सेवा प्रवाह सम्बन्धि अध्ययन..................................................६

३. नतिजाहरु.................................................................................................................................. ६

३.१ वहिर्गमन अभिमत तथा नागरीक प्रतिवेदन पत्रमा सहभागीहरुको विवरण............................................६

३.२ वहिर्गमन अभिमतबाट प्राप्त प्रतिक्रिया........................................................................................७

३.३ नागरीक पत्रमार्फत प्राप्त प्रतिक्रिया र अवस्था.............................................................................७

४. सार्वजनिक सुनुवाई कार्यक्रम.....................................................................................................९

४.१ कार्यक्रमको विवरण........................................................................................................................९

४.२ सहभागीहरुले राखेका जिज्ञासा, प्रतिकृया तथा त्यसको जवाफ.........................................................१०

५. लेटाङ नगरपालिकाले सुधार गर्नुपर्ने कुराहरु.................................................................................१२

अनुसूची १. सार्वजनिक सुनुवाई हुने सूचना........................................................................................१३

अनुसूची २. नागरिक प्रतिवेदन ढाँचा............................................................................................१४

अनुसूची ३. वहिर्गमन अभिमत संकलन गर्ने ढाँचा...........................................................................२०

**अनुसूची ४. सहभागिहरुको उपस्थिति**.........................................................................................२२

## १. परिचय

## १.१ पृष्ठभुमि

स्थानीय निकायकाहरुले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय निकायका पदाधिकारीहरु तथा सरोकारवाला नागरीकबीच सार्वजनिक स्थानमा गरिने खुला छलफल नै सार्वजनिक सुनुवाई हो । यस किसिमको छलफलले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका बिषयमा आम नागरीकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरीकको सहभागितालाई प्रवर्द्धन गर्दछ । यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरु जनअपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्दछ । सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई सार्वजनिक वस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमी कमजोरीहरु सच्याउन मदत गर्दछ । यसरी सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई निरन्तर नागरीकहरुप्रति जवाफदेही हुन र पारदर्शी रुपमा शासन सञ्चालन गर्न समेत उत्साहित पार्दछ ।

सार्वजनिक सुनुवाईमा सार्वजनिक चासोका बिषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राही बीच प्रश्नोत्तर हुनुका साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा अपेक्षा⁄ गरेका सुधारहरु समेत प्रष्फुटित हुने र जिम्मेवार पदाधिकारीहरुबाट उक्त सुधारहरु हासिल गर्ने

संभावनाहरुको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरु समेत तयार हुन्छ। यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट नै सुधारको अपेक्षा गर्न सकिन्छ।

यस प्रकृयालाई ध्यानमा राखि लेटाङ नगर कार्यपालिकाको कार्यालयले सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा मिति २०७९ असाढ १७ गते सुक्रबार सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रम संयोजनको जिम्मेवारी रेडियो वेतना ९७.१ मेगाहर्ज बेलबारी मोरङलाई दिईएको थियो। स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ बमोजिम संयोजकले सेवाग्राहीले सेवा सुविधाको प्राप्तिपछि कार्यालयबाट बाहिर निस्किने सेवाग्राहीको अभिमत (बहिर्गमन अभिमत), सेवा लिंदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका कुराहरुलाई उल्लेख गरी पृष्ठपोषण गर्ने पद्धति (नागरीक प्रतिवेदन पत्र) अनुसारको प्रतिवेदन र नागरीक वडापत्रको आधारमा सार्वजनिक सेवा प्रवाह सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरिएको थियो।

उक्त सार्वजनिक सुनुवाई कार्यक्रमका उद्देश्य नागरीक र गाउँपालिकाको बीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरीकबाट रचनात्मक सुझाव प्राप्त गर्ने रहेको थियो। सार्वजनिक सुनुवाइ स्थानीय बासिन्दाको स्थानीय निकायको कार्यप्रतिको जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गर्ने एउटा सामाजिक जवाफदेहिताको औजार हो जुन स्थानीय निकायहरुले गर्दै आएका छन्।

## १.२ कार्यक्रमको उद्धेश्य

- सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने
- नागरीकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने
- जवाफदेही संस्कार बसाउने
- न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा को एउटा सूचकांक पूरा गर्ने
- सार्वजनिक सेवा प्रति सेवाग्राहीबाट पृष्टपोष्ण लिने
- नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा आगामी दिनमा सोको कार्यान्वयन गर्ने ।
- जनप्रतिनिधि तथा कर्मचारीहरूमा जवाफदेही संस्कार बसाउने ।

## २. बिधि

## २.१ समन्वय तथा प्रचार प्रसार

सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाउनका लागि स्थानीय स्तरमा सुचना तथा पत्राचार गरिएको थियो । स्थानीय स्तरमा रहेका सन्चार माध्यमबाट सुचना गरिएको थियो ।

## २.२ सूचना तथा राय संकलन

## क) बहिर्गमन अभिमत

नगरपालिकाको कार्यालयबाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका नागरीकमध्येबाट आकस्मिक नमुना छनोट विधि प्रयोग गरी ५० जनालाई बहिर्गमन अभिमत सूचना संकलन गरिएको थियो । त्यसरी संकलित अभिमतको नतिजा सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रस्तुत गरियो । यसरी बहिर्गमन अभिमतका लागि छनोटमा परी अभिमत दिनेलाई सार्वजनिक सुनुवाईमा भाग लिन निमन्त्रणा दिइएको थियो ।

### ख) नागरीक प्रतिवेदन पत्र

नागरीक प्रतिवेदन फारामको प्रयोग गरी गाउँपालिकाका ५० जना सेवाग्राहीबाट सूचना संकलन गरिएको थियो । नागरीक प्रतिवेदनमा दलित, जनजाति, बालबालिका, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो । संकलित सूचनाको विश्लेषणलाई सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको थियो । नागरीक प्रतिवेदनमा भाग लिएका सम्पूर्ण उत्तरदातालाई समेत कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

### ग) नागरीक वडापत्र अनुसार सार्वजनिक सेवा प्रवाह सम्बन्धि अध्ययन

नागरीक वडापत्रमा उल्लेख गरिएको समय तालिका अनुसार सेवा प्रवाह भए नभएको एकिन गरी त्यसबाट प्राप्त नतिजालाई सार्वजानिक सुनुवाईका दिन प्रस्तुत गरिएको थियो ।

## ३. नतिजाहरु

### ३.१ वहिर्गमन अभिमत तथा नागरीक प्रतिवेदन पत्रमा सहभागीहरुको विवरण

वहिर्गमन अभिमतका लागि छनोट भएका ५० जना मध्ये ३० पुरुष र २० महिलाहरु थिए । त्यसैगरी नागरीक प्रतिवेदन पत्रमा सहभागी हुनेहरुमध्ये ४० जना पुरुष तथा १० जना महिला रहेका थिए ।

### ३.२ बहिर्गमन अभिमतबाट प्राप्त प्रतिक्रिया

बहिर्गमन अभिमतबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.नं. | सेवाको नाम | सेवाको मूल्याङ्कन संख्यामा | | |
|---|---|---|---|---|
| १. | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा के–कस्तो थियो ? | अति स्पष्ट | ठीकै | अस्पष्ट |
| | | १९ | ३१ | ० |
| २. | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | ठीकै | थोरै |
| | | २० | २९ | १ |
| ३. | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार | ठीकै | अभद्र / अमर्यादित |
| | | ९ | ४१ | ० |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरू (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| | | १५ | ३५ | ० |
| ५. | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | सजिलो तरिकाबाट | ठीकै | समाधान दिन सकेनन् |
| | | २० | ३० | ० |
| ६. | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ? | अति सजिलो (छोटो) | ठीकै | लामो |
| | | १४ | ३६ | ० |

### ३.३ नागरीक पत्रमार्फत् प्राप्त प्रतिक्रिया र अवस्था

| सि.नं. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सख्यामा | | |
|---|---|---|---|---|---|
| १. | सेवाको सन्तुष्टि | तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ९ | ३० | ११ |
| | | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | १२ | ३६ | २ |
| २ | सेवाको नियमितता | नागरीक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ७ | ३७ | ६ |

| सि.नं. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सङ्ख्यामा | | |
|---|---|---|---|---|---|
| | | कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति,समय पालना,कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | १० | ३३ | ७ |
| | | तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? | तिरेको छैन | भन्न चाहन्न | एकदमै कम |
| | | | ४६ | ३ | १ |
| | | यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ? | १ दिन | २ दिन | धेरै दिन |
| | | | २५ | १२ | १३ |
| ३ | सेवाप्रतिको जनविश्वास | यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | ७ | ४३ | ० |
| | | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ? | धेरै | ठीकै | गरेको छैन, विश्वास छैन |
| | | | २ | २१ | २७ |
| | | यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ? | धेरै | ठीकै | विश्वास छैन |
| | | | १२ | ३६ | २ |
| | | यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ? | छ | छैन | अलिअलि छ |
| | | | ५ | ६ | ३९ |
| ४ | सेवाको गुणस्तर | यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
| | | | ९ | ४१ | ० |
| | | तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ? | आफै | गाउँका ठूलाबडाको | मध्यस्थकर्ताको |
| | | | ४२ | ३ | ५ |
| | | यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो | १ पटक | २ पटक | सो भन्दा बढी |
| | | | ३७ | ६ | ७ |
| ५ | सेवा सम्बन्धी जानकारी | कार्यालयको भौतिक अवस्था कस्तो छ ? | अति राम्रो | ठीकै | नराम्रो |
| | | | २ | ४१ | ७ |
| | | कार्यालयमा भएको नागरीक बडापत्र बारे तपाईलाई जानकारी छ ? | छ | आंशिक छ | कुनै जानकारी छैन |
| | | | ७ | ३३ | १० |
| | | कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ? | अति राम्रो | ठीकै | खासै राम्रो छैन |
| | | | ३ | ४७ | ० |
| | | सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ? | २० प्रतिशत जति | ५० प्रतिशत भन्दा कम | थाहा छैन |
| | | | ५ | ६ | ३९ |

| सि.नं. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सङ्ख्यामा | | |
|---|---|---|---|---|---|
| | | परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ? | छ | ठीकै छ | प्रतिनिधित्व साह्रै कम छ |
| | | | ११ | २४ | १५ |
| ६ | नागरीक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा | तपाईको विचारमा सेवाग्राहीले नागरीक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ? | धेरै | कम | गरेका छैनन |
| | | | २ | ४१ | ७ |
| | | तपाईको विचारमा सेवाप्रदायकहरूले नागरीक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? | धेरै | ठीकै | अति कम |
| | | | २ | ४३ | ५ |
| | | तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै | ठीकै | छैन |
| | | | ० | ४० | १० |

## ४. सार्वजनिक सुनुवाई कार्यक्रम

स्थान : जनसेवा सामुदायिक उपभोक्ता समुह लेटाङ ४

सहभागी संख्या : २०० जना

मिति : आषढ १७ गते शुक्रबार २०७९

समय : ११.०० बजे देखि ३.३० सम्म

अध्यक्ष : नगर प्रमुख श्री भूपेन्द्र कुमार लावती

## ४.१ कार्यक्रमको विवरण

मोरङको लेटाङ नगर कार्यपालिकाको कार्यलयले सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ। शुक्रबार जनसेवा सामुदायिक वन उपभोक्ता समुहको सभाहलमा सार्वजनिक सुनुवाइ सम्पन्न भएको हो ।

रेडियो वेतना ९७.१ मेगाहर्ज बेलबारीको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा लेटाङवासी जनताका जिज्ञासाहरुको नगरका जनप्रतिनिधि र कर्मचारीहरुले समाधान गरेका थिए ।

कार्यक्रममा नगरवासीहरुले फोहोर व्यबस्थापन,जंगली जनावारले दिने दुख,कार्यलयमा कर्मचारी नभेटिने समस्या, उपभोक्ता समितिलाई तालिमको व्यबस्था, किसानलाई मलको व्यबस्था, अघाद्य बस्तुको अनुगमन, बेरोजगारीको व्यस्थापन, भित्री गाउँमा जाने सवारी साधनको समस्या लगायतका विषयमा प्रश्न तथा जिज्ञासाहरु राखेका थिए । नगर प्रमुख भूपेन्द्र कुमार लावती, उप प्रमुख कृष्ण कुमारी पोखेल निरौला, प्रमुख प्रशासकिय अधिकृत पुरुषोत्तम घिमिरे लगायत सम्बन्धित शाखा प्रमुखले जिज्ञासाको समाधान दिएका थिए ।

नगर प्रमुख भूपेन्द्र कुमार लावतीको अध्यक्षतामा भएको कार्यक्रममा नगरबासी, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, संचारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

## ४.२ सहभागीहरुले राखेका जिज्ञासा, प्रतिकृया तथा त्यसको जवाफ

| **प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना** | **सहभागीको प्रश्न/गुनासो/ सुझाव** | **जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना** | **जवाफको छोटकरी व्यहोरा** |
|---|---|---|---|
| हेरम्भराज भट्टराई | नगरभित्रै अस्पतालको व्यबस्था हुनुपर्ने । | पुरुषोत्तम घिमिरे, प्रमुख प्रशासकिय अधिकृत | हाम्रा आवश्यकताको तुलनामा साधन र स्रोतको कमी छ नागरीकको सेवा सुविधालाई प्रभावकारी कार्यक्रमहरू |

| | | | |
|---|---|---|---|
| | | | सञ्चालन भएका छन्, यसलाई निरन्तरता दिँदै सुधार समेत गर्दै लगिने छ । |
| अवतार राई | लेटाङ कानेपोखरी सडक साँघुरो हुनाले दुर्घटना बढ्यो समाधान के होला । | पुरुषोत्तम घिमिरे, प्रमुख प्रशासकिय अधिकृत | सक्दो प्रयास हुने छ । |
| सुभद्रा भट्टराई | न्याय सम्पादन ढिलो भयो । | कृष्ण कुमारी पोखेल निरौला, उप प्रमुख | ३ महिना नकटाएको । |
| नरेन्द्रराज घिमिरे | सहकारी सन्जालको व्यबस्था हुनुपर्ने | कृष्ण कुमारी पोखेल निरौला, उप प्रमुख | आवश्यकता छ । आगामी दिनमा व्यबस्था गरिने । |
| राम बहादुर पौडेल, लेटाङ ५ | निशुल्क पशुस्वास्थ्य कार्यक्रम कसरी टिकाउने । | कृष्ण कुमारी पोखेल निरौला, उप प्रमुख | घुम्ति सिविर राख्ने, प्राविधिक थप्ने । |
| जंग बहादुर श्रेष्ठ, लेटाङ ५ | सडक कालोपत्रे बनाउनुभन्दा पहिले ड्रेन किन बनाइदैन । | भुपेन्द्र खनाल, प्रशासन शाखा | प्राथमिकता र भौगोलिक अवस्था अनुसार काम भएको । |
| भवानी माखीम, लेटाङ ६ | भ्रष्टचार नियन्त्रण कसरी गर्ने, महङ्गी नियन्त्रण कसरी गर्ने | भूपेन्द्र कुमार लावती, नगर प्रमुख | भ्रष्टचार भएको प्रमाण भए कारवाही हुन्छ । |
| जंग बहादुर राई, लेटाङ ४ | खुल्ला हिड्ने कुकुरका कारण हुने दुर्घटना कसरी रोक्ने । | पुरुषोत्तम घिमिरे, प्रमुख प्रशासकिय अधिकृत | कुकुर मार्न मिल्दैन । सबै मिलेर समाधान खोजौ । |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

कार्यक्रमको अन्त्यमा लेटाङ नगर प्रमुख श्री भूपेन्द्र कुमार लावतीले बालबालीकाको

क्षेत्रमा काम गरिरहेको, जसका लागि वालविकास केन्द्रहरुलाई प्रथामिकतामा राख्दै काम गरिरहेको,

सरकारी विद्यालयहरुमा वालवालिकाहरुको पहुच पुर्याउन सहज हुने विश्वास लिईएको, सामुदायीक विद्यालयहरुलाई बालमैत्रि वनाउन आबश्यक रहेको महशुस गर्दै काम गरिरहेको बताउनुभयो ।

नगर प्रमुख लावतीले सवै वडाहरुमा स्वच्छ खानेपानी पुर्याउने योजनाका साथ काम भईरहेको, कतिपय कामहरु वडाबासी मिलेरै पनि गरे स्थानीय निकायलाई पनि सजिलो हुने वताउदै नगरपालिकाले अहिलेसम्म जनताको चाहनाअनुसारको काम गर्दै आएको भन्दै अबका दिनहरुमा पनि जनतालाई नै साथमा लिएर काम गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा गुनासाहरुलाई ग्रहण गरी अगामी दिनहरुमा यथासम्भव

सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै नगर प्रमुख लावतीले कार्यक्रमको समापन गर्नुभयो ।

## ५. लेटाङ नगरपालिकाले सुधार गर्नुपर्ने कुराहरु

- स्थलगत अवलोकन तथा अनुगमनलाई नियमित र प्रभावकारी बनाउने
- सम्पन्न भएका योजनाहरुको प्रभाव मूल्यांकनको कार्यलाई प्राथमिकता दिनुपर्ने
- क्षतिपूर्ति सहितको नागरीक बडा पत्र तयार गरी कार्यान्वयनमा ल्याउने
- विषयगत कार्यलय तथा नगरपालिकामा सक्रिय संघसंस्थासँगको समन्वय र

  सहकार्यमा विशेष जोड दिने

## अनुसुची १ : सार्वजनिक सुनुवाई हुने सूचना

# लेटाङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लेटाङ, मोरङ

प्रदेश नं. १, नेपाल

प.सं. ०७८।०७९

च.नं.

मिति : २०७९।०३।१२

## सार्वजनिक सुनुवाई हुने सूचना !

यस लेटाङ नगरपालिका र अन्तरगतका निकायहरुले सम्पादन गरेका कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७९।०३।१७ गते जनसेवा सामुदायिक वन उपभोक्ता समूहको सभाहल लेटाङ नगरपालिका ४ मा समय बिहान ११:३० बजे सञ्चालन हुने भएकोले सम्पूर्ण सरोकारवालाहरुमा उपस्थित भइदिन हुन हार्दिक अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची – २

**प्रश्नावली भाग – १**

### नागरिक प्रतिवेदन ( Citizen Report Card )

### ( सन्तुष्टि वा असन्तुष्टि जनाउने )

**उत्तरदाताको नाम र थर :–** ..................................................**जातजाति :**..............................

**लिङ्ग :** ( ) **महिला** ( ) **पुरुष** ( ) **उमेर**............

**शिक्षा**..................................... **पेशा**..................................

**ठेगाना:**......................................**गाविस/नपा, वडा नं.** ......... **सम्पर्क फोन नं.**...................

---

**१. सेवाको सन्तुष्टि**

१.१ तपाईंले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( )

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( )

**२. सेवाको नियमितता**

२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( )

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता ) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त ( ) ठीकै ( ) अविश्वस्त ( )

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन ( ) एकदमै कम ( ) धेरै तिरेको ( )

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

१ दिन ( ) २ दिन ( ) धेरै दिन ( )

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त ( ) ठीकै ( ) अविश्वस्त ( )

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?

धेरै ( ) ठीकै ( ) गरेको छैन ( )

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

धेरै ( ) ठीकै ( ) विश्वास छैन ( )

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ ( ) छैन ( ) अलिअलि थाहा छ ( )

**४. सेवाको गुणस्तर**

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ) कम सन्तुष्ट ( ) असन्तुष्ट ( )

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

आफै ( ) गाउँका ठूलाबडाको ( ) मध्यस्थकर्ता ( )

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?

१ पटक ( ) २ पटक ( ) सो भन्दा बढी ( )

**५. सेवा सम्बन्धी जानकारी**

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो ( ) ठीकै ( ) नराम्रो ( )

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

छ ( ) आंशिक जानकारी छ ( ) कुनै जानकारी छैन ( )

५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो ( ) ठीकै ( ) खासै राम्रो छैन ( )

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

२० प्रतिशत जति ( ) ५० प्रतिशत भन्दा माथि ( ) थाहा छैन ( )

५.५ परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ?

छ ( ) ठीकै छ ( ) प्रतिनिधित्व साह्रै कम छ ( )

**६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

धेरै ( ) कम ( ) गरेको छैन ( )

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

धेरै ( ) ठीकै ( ) अति कम ( )

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

धेरै भएको छ ( ) ठीकै भएको छ ( ) भएकै छैन ( )

**प्रश्नावली भाग – २**

## नागरिक प्रतिवेदन पत्र

### १. सिफारिस सम्बन्धी

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ ( ) ठीकै पाएँ ( ) स्पष्ट पाइँन ( )

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो?

दिएँ ( ) थोरै दिएँ ( ) मागिएन र दिइएन पनि ( )

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

आफैं ( ) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे ( ) नेता ⁄ ठूलाबडा ( )

१.४ राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?

सबैसँग कर उठाउँछन् ( )

सीमित व्यक्ति सँग मात्र कर उठाउँछन् ( )

धेरै बक्यौता रहने गरेको छ ( )

### २. पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो ( ) ठीकै ( ) खराब ( )

२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कतिको गरिन्छ ?

तुरुन्तै हुन्छ ( ) पटक पटक भनेपछि मात्रै हुन्छ ( ) जति भनेपनि हुन्न ( )

२.३ तपाईको विचारमा जि.बि.स. ⁄ न.पा. ⁄ गा.बि.स. ले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

नियमित र राम्रो संग ( ) ठीकै गर्छ ( ) नियमित रुपमा गर्दैन ( )

२.४ तपाईको गाविस ⁄ नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

राम्रो ( ) ठीकै ( ) खराब ( )

२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

प्रभावकारी छन् ( ) ठीकै छन् ( ) प्रभावकारी छैनन् ( )

२.६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज ( ) सहज ( ) ठीकै ( ) अप्ठ्यारो ( )

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन ( ) मागेरै लिन्छन् ( ) रकम नदिए अप्ठ्यारो पार्छन् ( )

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

सजिलै पाइयो ( ) कहिले काँही पाइयो ( ) माग गर्दा पनि पाइएन ( )

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

सजिलै पाइन्छ ( ) सोधेपछि पाइन्छ ( ) सोधेपनि पाइदैन ( )

२.१० स्थानीय निकायको आचारसंहिता पालना भएको छ ?

पालना भएको छ ( ) ठीकै पालना भएको छ ( )कत्ति पनि पालना भएको छैन ( )

२.११ योजना सञ्चालन गर्दा जि.वि.स./न.पा./गा.वि.स. बाट कत्तिको सहयोग पाउनु भएको छ ?

धेरै सहयोग पाएको छ ( ) ठीकै सहयोग पाएको छ ( ) निरुत्साहित गरिन्छ ( )

**३. यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?**

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध ( ) कम श्रोत उपलब्ध ( ) अति कम श्रोत उपलब्ध ( )

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल ( ) ठीकै ( ) जटिल ( )

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ ( ) आवश्यकता भन्दा कम छ ( ) सीप निकै कम छ ( )

३.४ जि.वि.स./न.पा./गा.वि.स. को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

टाँसेको देखेको छु ( ) कहिले काँही टाँसेको देखिन्छ ( ) खै कतै देखिएन ( )

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

छ ( ) ठीकै मूल्यांकन हुने गरेको छ ( ) कहिले पनि भएको थाहा छैन ( )

३.६ वर्तमान् कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ) ठीकै ( ) कुनै जानकारी छैन ( )

## ४. पारदर्शिता सम्बन्धी

४.१ जि.बि.स. ⁄ न.पा. ⁄ गा.बि.स. मा अहिलेसम्म यस वर्ष कतिवटा सार्बजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

१ वटा (   ) २ वटा (   ) कार्यक्रम बारे कुनै जानकारी नै छैन (   )

४.२ जि.बि.स. ⁄ न.पा. ⁄ गा.बि.स. मा अहिले सम्म कतिवटा सार्बजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

धेरै (   ) कम (   ) भएकै छैन (   )

४.३ जि.बि.स. ⁄ न.पा. ⁄ गा.बि.स. मा बार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

भएको छ ( ) अहिलेसम्म सञ्चालन भएकै छैन( ) कार्यक्रम बारे कुनै जानकारी नै छैन ()

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ?

धेरै (   ) ठीकै (   ) कम (   )

४.८ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

संयन्त्र बनेको छ (   )कुनै संयन्त्र बनेको छैन (   ) कुनै जानकारी नै छैनं (   )

४.९ यस कार्यालयको बार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु ( ) ठीकै जानकारी पाएको छु ( ) कम जानकारी पाएको छु ( )

## अनुसूची–३
## वहिर्गमन अभिमत (Exit Poll ) संकलन गर्ने ढाँचा

१) सेवाग्राहीको लिङ्ग :– पु/स्त्री

२) जात :

३) उमेर :

४) शिक्षा :

५) कार्यालय सम्म आइपुग्दाको समय :

६) यस कार्यालयको काममा मात्र आउनु भएको हो वा अन्य कामको लागि पनि

७) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ? रेजा ( ) चिन्ह दिनुहोस् ।

- क) सिफारिस लिन/पुऱ्याउन
- ख) दर्ता/नवीकरण
- ग) आर्थिक सहयोग लिन
- घ) योजना माग गर्न
- ङ) योजनाको किस्ता लिन
- च) योजनाको मूल्याङ्कन गराउन
- छ) योजनाको अन्तिम भुक्तानी लिन
- ज) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न
- झ) सूचनामूलक सामग्री प्राप्त गर्न
- ञ) अन्य कुनै भए

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन -उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने | | |
|---|---|---|---|---|
| १. | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट | ठीकै | अस्पष्ट |
| २. | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | ठीकै | थोरै |

| | | | | |
|---|---|---|---|---|
| ३. | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| ५. | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
| ६. | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ? | अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |

कार्यालयको कुन–कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन–कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

| **राम्रा लागेका कुराहरु** | **सुधार गर्नुपर्ने विषयहरु** |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

## अनुसुची ४ : सहभागिहरुको उपस्थिति

आज मिति २०७९ साल असार १८ गते शुक्रवारका दिन लेटाङ नगर कार्यपालिकाको कार्यालय लेटाङ मोरङको आयोजना तथा रेडियो बेलका ९८.१ मेगाहर्ज बेलबारी मोरङको प्राविधिक सहयोगमा आयोजना भएको सार्वजनिक सुनुवाई कार्यक्रम लेटाङ नगर कार्यपालिकाको कार्यलयका नगर प्रमुख श्री भूपेन्द्र कुमार लावती को अध्यक्षतामा भनसेवा सामुदायिक वन उपभोक्ता समितिको सभाहल लेटाङमा निम्न उपस्थितिमा सम्पन्न भयो ।

१, नगर प्रमुख श्री भूपेन्द्र कुमार लावती
२, नगर उपप्रमुख श्री कृष्णा कुमारी पोख्रेल सिमिरे
३, प्रमुख प्रशासकिय अधिकृत श्री पुरुषोत्तम घिमिरे
४, १ नं वडा अध्यक्ष श्री विष्णु कुमार मगर
५, २ नं. वडा अध्यक्ष श्री तेज प्रसाद तिम्सिना
६, ३ नं वडा अध्यक्ष श्री राम कुमार श्रेष्ठ
७, ४ नं वडा अध्यक्ष श्री राम कुमार श्रेष्ठ
८, ५ नं वडा अध्यक्ष श्री भुम सुर्य मगर
९, ६ नं. वडा अध्यक्ष श्री अंग विरतामाङ
१०, ७ नं. वडा अध्यक्ष श्री खगेन्द्र बहादुर लिम्बु
११, ८ नं वडा अध्यक्ष श्री नेत्र प्रसाद पोख्रेल
१२, ९ नं वडा अध्यक्ष श्री चन्द्र प्रसाद खतिवडा
१३, शिक्षा शाखा प्रमुख उपसचिव श्री कृष्णराज राई
१४, योजना शाखा प्रमुख श्री भुपेन्द्र वन्त
१५, जीत बहादुर लामा शेर्पा (सभापति) नगर कमिटी लेटाङ
१६, युधिष्ठ वाम्लिङ नेपाल आदिवासी जनजाति महासंघ
१७, भवानी प्र. मालिम. संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च
१८. सुवास आचार्य – इञ्जिनियर – ले० न०पा
१९, रतन प्रसाद निरौला – नेकपा माओवादी केन्द्र
२० भक्तराज राई ले-५, जसपा नेपाल नगर अध्यक्ष
२१, इटीमाया लिम्बु ले-३ वडा सदस्य
२२, कमला राई " " " "
२३, देवराज धमला रा.प्र.पा. प्रतिनिधि
२४ चन्द्र बहादुर मगर लेटाङ – ४

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| २५. जंग बहादुर श्रेष्ठ | ले. ६ | |
| २६. हेरम्बराज बड्डाई | ह.जनजागृति साकेत-२ अध्यक्ष | |
| २७. नरेन्द्र चन्द्र घिमिरे | लेचडु साकेत ले.४ पोचेरा | |
| २८. ... | वडा ४ वडा सदस्य | |
| २९ गणेश ... | कृषि- पशुविकास ... | |
| ३०) सुशिल वास्तोला | लेखा अधिकृत | |
| ३१) करुण ... | प्रा.स | |
| ३२ सुवर्ण लावती | ... लेटाङ नगर महासंघ ... | |
| ३३ कृष्ण विश्वकर्मा | उद्योग वाणिज्य संघ | |
| ३४ ... लिम्बु | O.P.D. लेटाङ | |
| ३५ पिताम्बर तिरीला | O.P.D. लेटाङ ... | |
| ३६ हरिप्रसाद घिमिरे | ने.वि. महासंघ नगर अध्यक्ष | |
| ३६ अवतार राई | आदर्श साकेत अध्यक्ष - ले.४ | |
| ३७, सिता अधिकारी | " मिलापिलाप कला - ले.३ | |
| ३८, कमला कोइराला | CDE नेपाल | |
| ३९ ... थापा मगर | ले.न.पा -४ वडा सदस्य | |
| ४० अनिता राई | ले.न.पा. ३ वडा सदस्य | |
| ४१ नरेन्द्र प्र. पराजुली | ले.न.पा. ३ " " | |
| ४२ सुनिता राई | " ४ " " | |
| ४३) राम प्र. अधिकारी | " ३ " " | |
| ४४ ... पराजुली | ले.न.पा. ३ | |
| ४५ ... प्रसाद दाहाल | लेटाङ -५ वडा सचिव | |
| ४६) राम बहादुर ... | " " वडा सदस्य | |
| ४७ श्याम कुमार मगर | " ६ " " | |
| ४८ शारदा देवी राई | " ६ ... | |
| ४९ किशोर कुमार ... | लेटाङ -८ प्राविधिक ले.न.पा. | |
| ५० ... भण्डारी | - लेटाङ -२ | |
| ५१ राजेन्द्र ... | लेटाङ -५ ... | |
| ५२ कुमारी ... | लेटाङ -३ | |
| ६० - ... कुमार विश्वकर्मा | ८ वडा सचिव | |
| ६१ प्रेम कुमार विश्वकर्मा | ६ वडा सचिव | |

६२ हेम राज प्रधान वडाध्यक्ष - ले. ९ — [signature]
६३ डिल बहादुर मगर — प्रि. डे. शाखा — [signature]
६४ अरुणा के.सी. - ले-८ [signature]
६५ अरुण राई - ले-४ [signature]
६६. स्वच्छिम सुब्बा — ले-४ [signature]